बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, मकवानपुर

# प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक वर्ष: २०८२/८३ | महिनाः माघ | प्रकाशित मितिः २०८२/११/०४

## मुख्य झलकहरु

- माघ महिनामा डेंगीका केस जम्मा १६ जना, SARI २५ जना, AGE १७ जना प्रतिवेदन भएको छ। यो महिनामा स्क्रब टाइउसको केस नरहेको पाइयो। प्रतिवेदन भएका महामारीजन्य रोगहरूको मध्ये मृत्युको रेकर्ड भएको छैन।

माघ महिनामा प्रतिवेदन भएका केस सङ्ख्या




## महामारीजन्य रोगहरुको अवस्था

### १. डेंगी (Dengue)




*(श्रोतः डेंगु दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/११/०१)*

- आ.व. २०८२-८३ को माघ माहिनामा यस जिल्लामा डेंगीका १६ वटा केसहरु प्रतिवेदन भएका छन्। पोष माहिनामा केस संङ्ख्या केहि घते पनि मंसिरमा पुनः बढेको देखिन्छ।

## २. स्क्रब टाइफस




(श्रोतः स्क्रब टाइफस दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/१०/०१)

माघ महिनामा यस जिल्लामा स्क्रब टाइफसका कुनै केसह रिपोर्ट भएका छैन्। यो संख्या अघिल्लो महिनाको तुलनामा घटेको भएता पनि संक्रमण जोखिम अझै देखिन्छ।

## ३. Severe Acute Respiratory Infection (SARI)




(श्रोतः EWARS, तथ्याङ्क लिएको मितिः २०८२/११/०१)

- आर्थिक वर्षमा SARI को मासिक प्रतिवेदन अनुसार जनवरी माहिनामा ३० वटा र फेब्रुवरी महिनामा १६ वटा केस रिपोर्ट भएका छन्। वार्षिक रुपमा पनि SARI को केसहरु घट्दै गएको देखिन्छ | विशेषगरी जाडोको मौसम समाप्त भएर गर्मीको सुरु हुन लाग्दा केस संख्या घट्ने भएकाले आगामी महिनाहरूमा संक्रमण कम रहने संकेत गर्दछ।

## ४. Acute Gastroenteritis (AGE)




*(श्रोत: EWARS, तथ्याङ्क लिएको मिति: २०८२/११/०१)*

- आर्थिक वर्षमा AGE को मासिक प्रतिवेदन अनुसार जनवरी महिनामा ४१ वटा र फेब्रुवरी महिनामा १३ वटा केस रिपोर्ट भएका छन्। अघिल्लो महिनाको तुलानामा AGE को केसहरु घट्दै गएको देखिन्छ। बर्खा सकिँदै जाँदा पानीजन्य रोगको जोखिम घट्ने भएकाले केसहरू कम भएका हुन सक्छन्। तर वातावरण र सरसफाइको अवस्थाले फेरि असर गर्न सक्ने भएकाले नियमित रूपमा निगरानी राख्नु आवश्यक हुन्छ।

## रोगअनुसारको तुलनात्मक विवरण (माघ माहिना)

| रोगको नाम | पौष , २०८२ (अघिल्लो महिनामा) | माघ, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| डेङ्गी | ५ | १६ | ११ ■ |
| स्क्रब टाइफस | १ | ० | १ ■ |
| SARI | ३० | १६ | १४ ■ |
| AGE | ४१ | १३ | २८ ■ |

*(श्रोत: डेंगु तथा स्क्रब टाइफसको दैनिक अपडेट, EWARS, तथ्याङ्क लिएको मिति: २०८२/११/०१)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा व्यवस्थापन सम्बन्धी गरिएका पहलहरू

**डेंगी**

- खोज र नष्ट कार्यक्रम
- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**स्क्रब टाईफस**

- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**SARI र AGE**

- उपचार व्यवस्थापन
- जनचेतना मुलक कार्यक्रम